**मिति २०७५ असाढ ८ गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु**

१. आ.व. ०७५/७६ को अनुमानित आय व्यय सम्बन्धमा ।

२. विधेयक सम्बन्धमा ।

३. बन्द सत्र सम्बन्धमा ।

**निर्णय नं. १ :**

गोदावरी नगरपालिकाको आर्थिक वर्ष ०७५/७६ का लागी नगर विकास योजना तर्जुमा गर्ने उद्देश्य अनुरुप ८२,२४,५९,०००।- को तपसिल बमोजिमको अनुमानित क्षेत्रगत आय व्ययको विवरण स्वीकृत गरि दोस्रो नगरसभामा पेश गर्ने निर्णय गरियो ।

१. आर्थिक वर्ष ०७५/०७६ को अनुमानित आय तर्फ आन्तरिक स्रोत (स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ बमोजिम उठ्ने कर, शुल्क र अन्य शिफारिश दस्तुर लगायत) रु. ७,६७,००००0।0 (सात करोड सतसठ्ठी लाख), संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाँड समेत रु.३३,४३,५९,०००।0 (तेत्तीस करोड त्रिचालिस लाख उनन्साठी हजार), प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, समपुरक अनुदान र राजश्व बाँडफाँड, शशर्त र विशेष अनुदान समेत रु.१,५०,००,०००।0 (एक करोड पचास लाख), संघीय संचित कोषबाट प्राप्त हुने शशर्त अनुदान (शिक्षा, स्वास्थ्य, कृषि, पशुसेवा, महिला विकास, बन तथा बातावरणको चालु र पुजीगत समेत) रु.२४,७७,००००0।0 (चौविस करोड सतहत्तर लाख), सामाजिक सुरक्षा भत्ता रु. ११,५०,०००००। (एघार करोड पचास लाख), सडक बोर्ड नेपाल रु. ४०,००,०००। (चालिस लाख), स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम रु. ५,८०,०००।0 (पाँच लाख असी हजार), क्षेत्रीय शहरी विकास आयोजनाबाट (चालु, पुजीगत र कार्यसम्पादनमा आधारित समेत) रु. २,९१,२००००।0 (दुई करोड एकानब्बे लाख बीस हजार) गरी कुल जम्मा रु.८२,२४,५९०००।0 (बयासी करोड चौविस उन्साठी उन्चालिस हजार ) आय हुने अनुमान गरिएको छ ।

त्यसै गरि अब म, आर्थिक वर्ष ०७५/०७६ खर्चको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

२. कुल खर्च मध्ये चालु खर्च तर्फ शसर्त र निशर्त गरी कुल रु.३९,६५,३८,०००। (उन्चालिस करोड पैसठ्ठी लाख अठतीस हजार) र पुँजीगत खर्च तर्फ शसर्त र निशर्त गरी कुल रु. ४२,५९,२१,०००।0 (बयालिस करोड उन्साठी लाख एक्काइस हजार) खर्च हुने अनुमान गरेकोछु ।

चालु खर्चको लागि अनुमान गरिएको कुल रकमबाट देहाय बमोजिम शिर्षकमा खर्च हुने अनुमान गरेकोछु ।

३. कुल चालु खर्च मध्ये शशर्त अनुदानबाट विषयगत तर्फ शिक्षाका लागि रु. १६,८९,९२,०००।0 (सोह्र करोड उनान्नब्बे लाख बयानब्बे हजार), स्वास्थ्यका लागि रु. ४,२२,००००0।0 (चार करोड बाइस लाख), महिला विकासका लागि रु.१६,६९,०००।0 (सोह्र लाख उनान्सत्तरी हजार), कृषिका लागि रु. ५,९७,०००।0 (पाँचलाख सन्तानब्बे हजार), सामाजिक सुरक्षा भत्ताका लागि रु ११,५०,०००,००।0 (एघार करोड पचास लाख), नगरपालिकाको संचित कोषबाट नगरपालिकाको प्रशासनिक खर्चका लागि रु. १०,३२,००००0।0, (दश करोड बत्तीस लाख) क्षेत्रीय शहरी विकास आयोजनाको लागि रु. २,५०,००००।0 (पच्चीस लाख) र स्थानीय शासन तथा सामुदायिक कार्यक्रमका लागि रु. ५,८०,०००।0 (पाँच लाख असी हजार) खर्च हुने अनुमान छ ।

पूँजीगत खर्चको लागि अनुमान गरिएको कुल रकमबाट देहाय बमोजिम शिर्षकमा खर्च हुने अनुमान गरेकोछु ।

४. पुँजीगत तर्फको कुल रु. ४२,५९,२१,०००।0 (बयालिस करोड उन्साठी लाख एक्काइस हजार) मध्ये शसर्त अनुदानको रुपमा प्राप्त पुँजीगत वजेट रु. ३,४०,३८,०००।0 (शिक्षाका लागि रु. २,४६,०४०००।0 (दुई करोड छयालिस लाख चार हजार), स्वास्थ्यका लागि रु. ८,२०,०००।0 (आठलाख बीस हजार ), कृषिका लागि रु. ७५,३८,०००।0 (पचहत्तर लाख अठतीस हजार), पशुसेवा तर्फ रु. ७,२२,०००।0 (सातलाख बाइस हजार), बन तथा बातावण तर्फ रु. ३,५४,०००।0 (तीन लाख चौवन्न हजार) सोही शिर्षक अन्तर्गतका कार्यक्रममा खर्च गर्ने व्यवस्था गरेको छु । क्षेत्रिय शहरी विकास आयोजना तर्फको पुँजीगत रकम रु. २,६६,२०,०००।0 (दुई करोड छैसठ्ठी लाख बीस हजार) सोही आयोजना अन्तर्गतका क्रियाकलापमा खर्च गरिनेछ । पूँजीगत तर्फको बाँकी रकमबाट नगरपालिकाका वडाहरुलाई शुत्रमा आधारित अनुदान रु. १०,५००००००।0, मर्मत सम्भार कोषका लागि रु. ५०,००००0।0 (पचास लाख), समायोजन कोष (म्याचिङ. फण्ड), ४००००००।0 (चालिस लाख), वडा नं. १ र ९ को वडा कार्यालयको भवन निर्माण तथा ५ र ११ नं. वडा कार्यालयको जग्गामा व्यावसायिक घर टहरा निर्माणका लागि १,०१,६२,०००।0 (एक करोड एकलाख बैसठ्ठी हजार) विनियोजन गरी बाँकी रहेको रकमबाट पूर्वाधार विकासका लागि (सडक, पुल, कल्भर्ट, झो.पु., सिंचाई, नदी नियन्त्रण, र ढल निकास समेत) रु. १३,९६,९३,९१९।0, सामाजिक विकासका लागि ( शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता र समानीकरण, युवा, महिला बालबालिका विकास, दलित, आदिबासी, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग समेत) रु. ५,०३,४१,८८९।0,

आर्थिक विकासका लागि (कृषि, उद्योग तथा बाणिज्य, पशु विकास, पर्यटन, गरिवी न्यूनीकरण, सहकारी तथा उद्यम विकास, सिपमुलक कार्यक्रम) रु. ३,३४,६४,८१९।० बातावरण तथा विपद व्यवस्थापनका लागि (बन तथा भूसंरक्षण, जलाधार तथा बातावरण संरक्षण, जलबायु परिवर्तन, फोहरमैला व्यवस्थापन, विपद व्यवस्थापन, जडीबुडी प्रबर्द्धन समेत) का लागि रु.७७,१५,२३२।० र सार्वजनिक सेवा तथा क्षमता विकास (मानव संसाधन विकास, संस्थागत विकास, सूचना प्रविधिको प्रयोग र विकास समेत) ९८,८५,१४१।० खर्च हुने अनुमान गरिएको छ ।

**निर्णय नं. २ :**

नेपालको संविधान, २०७२ बमोजिम स्थानीय सरकारको अधिकार सम्बन्धी ब्यवस्था कार्यान्वयन गर्न स्थानीय शासन पद्धतीलाई सुदृढ गरि विधायकी र कार्यकारणी अभ्यासलाई संस्थागत गरि कार्य सम्पादनलाई ब्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ५ को दफा २० बमोजिम दोस्रो नगर सभामा तपसिल बमोजिमका विधेकहरु पेश गर्ने निर्णय गरियो ।

क) गोदावरी नगरपालिकाको आर्थिक ऐन, २०७५
ख) गोदावरी नगरपालिकाको आर्थिक कार्यविधी ऐन, २०७५
ग) नगरपालिकाको कृषि ब्यवसाय प्रवर्द्धन ऐन, २०७५
घ) गोदावरी नगरपालिकाको शिक्षा ऐन, २०७५
ङ) नगर विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन, २०७५
च) गोदावरी नगरपालिकाको सहकारी ऐन, २०७५
छ) विनियोजन ऐन, २०७५

**निर्णय नं. ३ :**

गोदावरी नगरपालिकाको आ.व. ०७५/७६ का लागी नगर विकास योजना तर्जुमा गर्ने उद्देश्य अनुरुप मिति २०७५/३/१२ गते विहान ११.०० बजेबाट बन्द सत्र संचालन गर्ने निर्णय गरियो ।